# बालकको भावनात्मक विकास र आमाबाबुको माया[1]

– विनयकुमार कसजू

जुनेली रात थियो संस्कृतका नवोदित साहित्यकार भारवि हातमा तरवार लिएर आफ्नो बाबुलाई मार्छु भन्ने उद्देश्य लिएर लुकेर बसेका थिए, किनभने भारविको सबैले प्रशंसा गर्थे तर उनको बाबुले उनको प्रशंसा कहिल्यै गरेको उनले सुनेका थिएनन् । यसैले आफ्नो साहित्यिक प्रतिष्ठामा आफ्नो बाबुलाई बाधक सम्झन्थे उनी । उता, जुनको उज्यालोमा उनका आमा र बाबु कुरा गरिरहेका थिए । बाबु भन्दै थिए, “कस्तो राम्रो जुनेली रात छ । भारविको ख्याति पनि जुनजस्तै उज्यालो भएर फैलिँदै छ ।” अचानक बाबुको मुखबाट आफ्नो प्रशंसा सुनेर उनी आफ्नो अपराध प्रति लज्जित भए । उनले तरवार फ्याँकेर क्षमा मागे ।

मानिसहरू आफूले गरेको कामको मान्यता चाहन्छन् र यस्तो मान्यता सर्ब प्रथम आफ्नो सबै भन्दा नजीकको व्यक्तिबाट पाउन चाहन्छन् । यसकारण भरविलाई दोष दिने ठाउँ थोरै छ । अरूमानिसझैं बालकहरू पनि प्रशंसाका भोका हुन्छन्, तर गलत कामको प्रशंसाले बालक चोर बन्न सक्छ भने असल कामको प्रशंसाले सज्जन बन्छ ।

मानिस ठूलो भएपछि कस्तो बन्छ भन्ने कुरा वाल्यकालमा भएको उसको भावनात्मक विकास ( Emotional Development ) मा भर पर्छ । बालकमा सुखमय र दुःखमय दुबै भावना भोग्ने क्षमता हुन्छ, तर सुखमय वातावरणमा हुर्केको बालकले पछि आफ्नो जीवनमा राम्रो सामंजस्य कायम गर्न सक्छ ।

सबै आमाबाबुहरू आफ्नो सन्तानलाई सुखी र खुसी देख्न चाहन्छन् । मीठो र पोसिलो खाना ख्वाएर राम्रो स्वास्थ्य भयो भन्दैमा बालकको भावनात्मक विकास सुखमय ढंगले भएको छ भन्न सकिन्न । राम्रो खाएर, राम्रो लाएर र भने भनेको कुरा पूरा गरेर पनि बालक असन्तोषी बन्न सक्छ । ऋण काढेर भए पनि आमाबाबुले आफ्नो सन्तानलाई सुखी बनाउन खोज्छन् । भौतिक रूपले सुखी बालकमा पनि फ्रष्ट्रेशन, चिन्ता, इबी, घृण जस्ता दुखमय भावना बलियो हुँदै गैरहेको हुन सक्छ । आमाबाबुले दुःख गरेर जोरेको सुविधाले उल्टो काम गर्न पनि सक्छ ।

बालकमा गहिरो तर्क गर्ने क्षमता हुँदैन । यसकारण आमाबाबुले मायाले जोरेको भौतिक सुख सुविधालाई उसले अर्को दृष्टिले हेर्न सक्छ । गरिबी र दासताले गर्दा संसारका धेरै बालकहरू सुखमय भावनाबाट बंचित छन्, तर कतिपय सुखी र भौतिक सुविधा सम्पन्न परिवारका बालकहरू पनि उचित स्याहार र आमाबाबुको माया नपाएर सुखमय भावनाबाट बंचित हुन्छन् ।

सुखमय भावना भन्नाले जिज्ञासा, आनन्द, सुख, प्यार, ममता आदि भावना आउँछन् र दुःखमय भावना भन्नाले रिस, डर, घृणा, इबी, दाह आदि भावना हुन्छ । सुखमय भावनाबाट बंचित बालकहरूको अध्ययन गरेर केही निष्कर्ष निकालिएका छन् । जस्तै जिज्ञासा शांत गर्न

[1] यो लेख Elizabeth Burton को पुस्तक Child Development को आधारमा लेखिएको हो । यसमा उल्लेख गरिएको बालक शब्दले बालक र बालिका दुबैलाई बुझ्नुहुन अनुरोध छ । – लेखक

नपाएको बालकको पछि गएर चाहिँदो मात्रामा मानसिक विकास हुँदैन । ऊ जे कुरामा पनि झ्याउ मान्ने हुन्छ ।

केही काम गरेकोमा हर्ष वा सुखको अनुभव गर्न नपाएको बालकको व्यक्तित्वको राम्रो विकास हुँदैन । प्रशंसा गरेर बिग्रन्छ, यसकारण बालकलाई गाली वा आलोचना गर्नु पर्छ भन्ने विचार भएका आमाबाबुको सन्तानले आफूले गरेको कामको मान्यता वा सुखबाट बंचित भएर पछि स्कूलमा गएर पढाइमा र अरू काममा पनि प्रगति गर्न सक्तैन । बालकको राम्रो कामको प्रशंसा गर्नु पर्छ । यसरी प्रशंसा गर्दा सोझै उसैलाई सुनाउनु भन्दा उसले सुन्ने गरी अरूलाई सुनाउनु बढी लाभदायी हुन्छ ।

आमाबाबुको मायाबाट बंचित हुनु बालकको लागि सबै भन्दा ठूलो मानसिक चोट हो । जन्मेपछि केही वर्षसम्म निरन्तर आमाको माया पाउनु बालकको नैसर्गिक अधिकार हो । बालकले पनि आमाको माया पाइराख्नको लागि आमालाई मन पर्ने काम गर्न थाल्छ । यो बानीले पछि गएर आफ्नो काम पनि बन्ने अरू पनि खुशी हुने खालको कामगर्न उसले सिक्छ ।

आमाबाबुको माया नपाएको बालकको शरीरको राम्ररी विकास हुँदैन । पछि उसले आमाबाबुलाई बेवास्ता गर्ने, नटेर्ने हुन्छ । उसमा सुरक्षा र सन्तोषको भावना हुँदैन । उसमा लापर्वाही, दुर्बलता, चुपचाप बस्ने, कुनै कुरा रुचि नराख्ने आदि दुर्गुण हुन्छन् । उसले ढिलो बोल्न सुरुगर्ने र बोलीमा कमजोरी हुन सक्छ । समाजमा गएर ऊ अव्यावहारिक बन्छ । ऊ अरूको भलो गर्न नचाहने, अरूलाई सहयोग नगर्ने, शत्रुतापूर्ण व्यवहार गर्ने हुन्छ । ऊ आफू अपूर्ण छु भन्ने धारणाले ग्रस्त हुन्छ र बदलामा आक्रामक र अरूको अवज्ञा बन्छ । ऊ आत्मनिर्भर बन्न सक्दैन ।

बालकले आमाबाबुको माया नपाउने धेरै कारण छन् । आमाबाबु मध्ये कोही नहुनु, माया गरेर बालक बिग्रन्छभन्ने धारणा राख्नु र स्याहार गर्न नजान्ने नोकरको जिम्मामा बालकलाई छोडनु, सानैमा बोर्डिङ स्कूलमा भर्ना गर्नु आदि कारणले बालकले आमाबाबुको माया नपाउन सक्छ ।

आमाबाबुको मायाबाट बालक जति समयसम्म जुन प्रकारले बंचित हुन्छ त्यही अनुसार त्यसको खराब परिणाम निस्कन्छ । जन्मेदेखि एक वर्ष म्म आमाबाबुको माया पाएन भने बालकको शरीर दुर्बल हुन्छ । एक वर्षेखि ५ वर्षभित्र यस्तो भयो भने ऊ असमायोजित (Maladjusted) हुन्छ । ५ वर्षपछि त्यस्तो भयो भने त्यसको परिणाम त्यति नराम्रो हुन्न, किनभने त्यसपछि बालकले विकल्प खोज्न सक्छ । जन्मेको एक महिनापछि नै बालकले आफ्नी आमालाई राम्ररी चिनिसकेको हुन्छ । धाइआमा र आमालाई छुट्याउन सक्छ । यसैले एक महिनादेखि ५ वर्ष बीचमा आमाको वा आमा बराबरको माया पाउनु बालकको लागि सबै भन्दा महत्वपूर्ण हुन्छ ।

यो महत्वपूर्ण अवधि (१ महिना देखि ५ वर्षसम्म) मा बालकले ठोस वातावरण पाउनु पर्छ । बाबुको बिछोडले त्यति नराम्रो असर पार्दैन तर यस अवधिमा आमा वा आमा बराबरको व्यक्तिको विछोड (थोरै दिनको विछोड पनि) असह्रय हुन्छ । बालकले आफुलाई त्यागेको र अरूले नरुचाएको सम्झन सक्छ ।

आमा विरामी भएर वा काममा जानु पर्ने भएकोले नर्सरीमा घरमा अरूको जिम्ममा छोडिएका दुई वर्ष उमेरका बालकको अध्ययन गर्दा यो उमेरमा (दुई वर्ष) भएको आमासँगको

विछोडको गंभीर प्रभाव पर्छ भन्ने कुरा थाहा लाग्यो । यस्तो विछोड तीन महिनासम्म भएको छ भने फेरि पहिले जस्तै माया दिएर स्थितिलाई सुधार्न सकिन्छ । तर पाँच महीना नाघेपछि फेरि माया गरेर पहिलेको स्थिति ल्याउन सकिन्न ।

एउटा अध्ययनमा १९ दिनसम्म आमासँग विछोड भएको बालक पछि आमासँग भेट भएपछि पहिले भन्दा बढी झगडालु र आक्रामक भएको देखियो । उसले आमाबाबुप्रति द्वेष भावना राख्न थालि सकेको थियो ।

मायाबाट बंचित बालकहरूलाई मानसिक हानीबाट केही हदसम्म बचाउने उपायहरू छन् । मुख्य कुरा सन्तोषजनक विकल्प हुनुपर्छ, जस्तो खास आमा नभए आमाकै जस्तो व्यवहार गर्ने धाइआमा या अर्की आमाको व्यवस्था गर्न सकिन्छ ।

एउटा प्रयोगमा आमा नभएको बाँदरको बच्चालाई, बिजुलीले न्यानो बनाइएको नक्कली बाँदर्नी बनाएर आमाको रूपको रूपमा राखिदिँदा बाँदरको बच्चाले उत्तिकै सुरक्षा र ममता पायो । मानिसको बच्चाले पनि विकल्प आमाबाट त्यस्तै भावनात्मक सन्तुष्टी पाउन सक्छ । आमाले नोकरी गर्छ भने बालकलाई दिनभरी परिवारका अरू सदस्य (संयुक्त परिवारमा) को जिम्मामा वा यस्तो नोकरको जिम्मामा छाडन सकिन्छ जसले बालकको स्याहार सुसार गर्न र प्यार गर्न सकोस् त्यस प्रकारको प्यारको स्थायी व्यवस्था भयो भने बालकले नयाँ स्थितिलाई चाडैंनै स्वीकार गर्छ ।

आमाबाबुको मायाले बालकको भविष्यलाई निर्धारित गर्छ । आमाबाबुको माया नपाएको बालकमा किशोर अवस्थामा ठूलाप्रति विद्रोह या अनादर गर्ने, सानो उमेरमा (Teenage) विहेगर्ने, वैवाहिक जीवन सुखमय नहुने, नियम कानूनप्रति अवहेलना गर्ने, बाल अपराधी हुने र ठूला भए पछि पनि अपराधी जीवन व्यतीत गर्ने जस्ता दुर्गुणहरू हुन सक्छ । यसकारण बालकको पालन पोषण वा भौतिक सुविधामा मात्र ध्यान दिएर हुँदैन । उसको भावनात्मक विकास राम्रो ढंगले हुनु पर्छ र आमाबाबुको माया उसको उचित भावनात्मक विकासको लागि सबैभन्दा महत्वपूर्ण कुरा हो ।[2]

[2] यो लेख अन्तर्राष्ट्रिय बालवर्षको उपलक्ष्यमा नेपाल बाल संगठन पाल्पाबाट वि.सं. २०३४ सालमा जगतबहादुर जोशीको सम्पादनमा प्रकाशित “बाल विकास” रचनाहरूको संकलन पुस्तकमा प्रकाशित भएको थियो ।